संयुक्त प्रेस विज्ञप्ति

मितिः२०८३/०७/१९

जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक इ. दिनेश रजौरिया तथा सुनकोशी मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजनाका निर्देशक इ. कृष्णप्रसाद रिजाललाई केही दिन अघि प्रहरीले नियन्त्रणमा लिएको विषयमा नेपाल इन्जिनियर्स एशोसिएसनले सम्बन्धित निकायसँग गिरफ्तारीको कानुनी आधार र कारण तत्काल सार्वजनिक गर्न तथा वहाँहरूको मानव अधिकार र कानुनी अधिकारको पूर्ण प्रत्याभूति गर्न र कानून बमोजिम निष्पक्ष, पारदर्शी एवं विधिसम्मत अनुसन्धान प्रक्रिया अवलम्बन गर्नको लागी आग्रह सहित मिति २०८३/०७/१३ गते एशोसिएसनद्वारा जारी प्रेस विज्ञप्ति मार्फत अनुरोध गरिएको तर हालसम्म उक्त विषयको सत्य तथ्य जानकारी सार्वजनिक नभएको हुदाँ आम इन्जिनियर समुदायमा आशंकाको स्थिति पैदा भएको छ।

राज्यका निकायहरू सबै नागरिक तथा राष्ट्र निर्माणमा खटिने राष्ट्रसेवकका अभिभावक हुनुपर्नेमा, कानुनी प्रक्रिया र आधार नै पुष्टि नगरी हठात् रूपमा यसरी उच्च पदस्थ प्राविधिक प्रमुखहरूलाई पक्राउ शैलीमा नियन्त्रणमा लिने वा उपस्थित गराउने कार्य न्यायसंगत छैन। कुनै पनि अनुसन्धान वा सोधपुछका स्थापित कानूनी मान्यता र प्रशासनिक मर्यादालाई मिचेर गरिएको यस्तो कदमले समग्र इन्जिनियर समुदायमा गम्भीर संशय, अनिश्चितता र असुरक्षाको वातावरण सिर्जना गरेको छ।

यसका साथै बोलपत्र वा खरिद प्रक्रियामा कुनै असहमति वा त्रुटिको आशंका भएमा सार्वजनिक खरिद ऐन, नियमावली तथा स्थापित प्रशासनिक संयन्त्रमार्फत छानबिन, पुनरावलोकन वा सुधार गर्ने स्पष्ट कानुनी व्यवस्था विद्यमान छ। यस्ता विषयहरू सोही कानुनसम्मत र संस्थागत प्रक्रियाबाट सम्बोधन गरिनु नै विधिको शासन र सुशासनको मर्मअनुरूप हुने हाम्रो विश्वास छ।

प्राप्त जिम्मेवारी सहित आफ्नो कर्तव्यमा खटिएका इन्जिनियरहरूमाथि हुने यस प्रकारका अमर्यादित व्यवहारले आगामी दिनमा नैराश्यता मात्र पैदा गर्नेछ। प्राविधिक नेतृत्वलाई नै त्रासको वातावरणमा काम गर्न बाध्य पारिंदा हाल सञ्चालित साना ठूला सम्पूर्ण पूर्वाधार निर्माण तथा विकासका कार्यहरूमा संलग्न इन्जिनियरहरू हतोत्साही हुने वातावरणको सिर्जना हुन जान्छ। जसबाट देशको विकास निर्माणको गतिलाई नकारात्मक असर पर्ने जोखिम रहने भएको हुँदा राज्यबाट आगामी दिनमा यस प्रकारको व्यवहार नहोस् भन्ने अपेक्षा गर्दै हामी सम्पूर्ण इन्जिनियरिङ संघ संस्थाहरूको तर्फबाट सरकार समक्ष निम्नलिखित माग गर्दछौं।

१. सिँचाइ विभागका महानिर्देशक र सुनकोशी मरिण आयोजनाका निर्देशकमाथि गरिएको उक्त कार्यको स्पष्ट र कानुनी आधार सार्वजनिक गरियोस्।

२. कुनै पनि प्राविधिक कर्मचारीलाई सोधपुछ गर्दा कानूनको शासन र पेशागत मर्यादाको पूर्ण पालना गरियोस्।

३. नेपालको प्रचलित कानून, विधि, प्रक्रिया र नियम बमोजिमको कार्यमा समर्पित इन्जिनियरहरूलाई सुरक्षित, मर्यादित र त्रासमुक्त वातावरणमा काम गर्ने प्रत्याभूति दिलाइयोस्।

४. निर्णय प्रक्रियामा असहजता पैदा हुँदा आयोजना कार्यान्वयनमा समस्या आउन सक्ने भएकाले प्राविधिक नेतृत्वलाई मानसिक दबाब दिनुको सट्टा इन्जिनियरहरूको मनोबल उच्च बनाउने तर्फ सम्बन्धित निकायको ध्यान पुगोस्।

५. बोलपत्र वा खरिद प्रक्रियामा कुनै असहमति वा त्रुटिको आशंका भएमा सार्वजनिक खरिद ऐन, नियमावली तथा स्थापित प्रशासनिक संयन्त्रमार्फत छानबिन, पुनरावलोकन र सुधार गर्ने स्पष्ट कानुनी व्यवस्था रहेकाले यस्ता विषयलाई कानुनसम्मत र संस्थागत प्रक्रियाबाटै सम्बोधन गर्ने परम्परा बसालियोस्।

तसर्थ आगामी दिनमा इन्जिनियरहरूले आफ्नो पेशागत मर्यादामा रही गरिएका कार्य तथा निर्णयहरुलाई निरूत्साहित गर्ने वातावरण सृजना नगरिदिनु हुन अनुरोध गर्दै पूर्वाधार विकास, आयोजना निर्माण र नीतिगत विषयहरुमा नेपाल सरकारलाई सदैव साथ र सहयोग पुर्याउन इन्जिनियर समुदाय तत्पर र प्रतिबद्ध रहेको व्यहोरा यसै विज्ञप्ति मार्फत अनुरोध गर्दछौं।


अध्यक्ष, इ. सुबास चन्द्र बराल,
Nepal Engineers' Association (NEA)



अध्यक्ष, इ. ठाकुर प्रसाद शर्मा,
Society of Consulting Architectural and Engineering Firms, Nepal (SCAEF)



अध्यक्ष, आ. ईश्वरलाल जोशी,
Society of Nepalese Architects (SONA)



अध्यक्ष, इ. कृष्ण सिंह बस्नेत,
Structural Engineers' Association, Nepal (SEANep)



अध्यक्ष, इ. हरेराम श्रेष्ठ,
Society of Transportation Engineers Nepal (SoTEN)



अध्यक्ष, इ. किशोर कुमार झा,
Regional and Urban Planners Society of Nepal (RUPSON)



अध्यक्ष, इ. प्रा. डा. सुवर्ण शाक्य,
Association of Computers Engineers, Nepal (Acen)



अध्यक्ष, इ. महेश थापा,
Nepal Geomatics Engineering Society, (NGES)



अध्यक्ष, इ. संजय महतो,
Nepal Valuers Association, (NVA)



महासचिव, इ. निर्मला लामा चन्द,
Nepal Hydropower Association

